महाङ्काल गाउँपालिका, ललितपुर

सहकारी विकास समिती (गठन तथा परिचालन सम्बन्धी) कार्यविधि, २०८०

प्रस्तावना :

आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने मर्मलाई आत्मसात गर्दै महाङ्काल गाउँपालिका भित्र सञ्चालितन सहकारी संस्थाहरुको प्रवद्धर्न र नियमन गर्न साथै सदस्यहरुको आर्थिक,सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, सहकारीको माध्यमबाट सहकारी खेती,उद्योग, बस्तु तथा सेवा व्यवसाय सञ्चालन कार्य प्रभावकारी रुपले समयानुकूल अगाडि बढाउन वाञ्छनीय भएकोले महाङ्काल गाउँपालिकाको सहकारी ऐन,२०७५ को दफा १०१ ले दिएका अधिकार प्रयोग गरी मिति २०८०/११/१६ कार्यपालिका बैठकले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "महाङ्काल गाउँपालिकाको सहकारी विकास समिती (गठन तथा परिचालन सम्बन्धी) कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भएपछि लागू हुनेछ ।

**२.परिभाषाः**

(१) "अध्यक्ष" भन्नाले महाङ्काल गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(२) "उपाध्यक्ष" भन्नाले महाङ्काल गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(३) "गाँउपालिका" भन्नाले महाङ्काल गाउँपालिकालाई सम्झनु पर्छ ।

(४) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महाङ्काल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(थ) "सचिव" भन्नाले सहकारी विकास समितीको सचिवलाई सम्झनु पर्छ ।

(६) "सदस्य" भन्नाले सहकारी विकास समितीको सदस्यलाई सम्झनु पर्छ र सो शब्दले सहकारी विकास समितीका संयोजक, सह संयोजक, सचिव र सदस्यलाई समेत जनाउछ ।

(७) "सल्लाहकार समिति" भन्नाले कार्यविधिको दफा ७ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(८) "सहकारी शाखा प्रमुख" भन्नाले गाउँपालिकाको सहकारी हेर्ने शाखाको प्रमुख कर्मचारीलाई सम्झनुपर्छ ।

(९) "सहकारी विकास समिती" भन्नाले महाङ्काल गाउँपालिकाले गठन गरेको सहकारी विकास समितीलाई सम्झनुपर्छ ।

(१०) "सहकारी विज्ञ" भन्नाले सहकारीको क्षेत्रमा कम्तिमा आठ वर्ष अनुभव प्राप्त ब्यक्तिलाई सम्झनुपर्छ ।

(११) "सह-संयोजक" भन्नाले सहकारी विकास समितीको सह-संयोजकलाई सम्झनु पर्छ ।

(१२) "सहकारी हेर्ने विषयगत समितिको संयोजक" भन्नाले गाउँपालिकाको सहकारी हेर्ने विषयगत समितिको

संयोजकलाई सम्झनु पर्छ ।

(१३) "संयोजक" भन्नाले सहकारी विकास समितीको संयोजकलाई सम्झनु पर्छ ।

(१४) "संरक्षक" भन्नाले सहकारी विकास समितीको संरक्षकलाई सम्झनु पर्छ ।

३. उद्देश्य :

गाउँपालिकामा संघीय सरकारबाट हस्तान्तरण भै आएका सहकारी संस्था र गाउँपालिकाबाट दर्ता गरी कारोवार सञ्चालन गरेका सहकारी संस्थालाई समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत एवं स्वशासित संगठनको रुपमा सञ्चालन गर्न र संस्थाका सदस्यहरुको आर्थिक विकासमा समेत टेवा पु-याउन विकास समितीको उद्देश्य निम्न अनुसार हुनेछन् :

(१) सहकारी कानूनले निर्दिष्ट गरे बमोजिम सहकारी संस्थाले सहकारी मुल्य, मान्यता र सिद्धान्त अनुरुप कारोवार सञ्चालन गर्न सहयोगीको भूमिका निर्वाह गर्ने ।

(२) गाउँपालिकाका सहकारीलाई सहकारी खेती, उद्योग, बस्तु तथा सेवा, ब्यवसायका माध्यमबाट आत्मनिर्भर बन्न सहयोग पुर्याउने ।

(३) प्रदेश र संघीय सरकारसंग समन्वय र सहकार्य गरी गाउँपालिकामा सञ्चालित सहकारीलाई आर्थिक सहयोग उपलब्ध गराउने ।

(४) सहकारी संस्थामा सुशासन कायम राख्न गाउँपालिका भित्रका सहकारीहरु बीच समन्वय र सह-कार्य गर्ने ।

(थ) गाउँपालिकाको आवश्यकताका आधारमा सहकारीको माध्यमबाट बस्तु तथा सेवाको उत्पादन,प्रशोधन, बजारीकरण लगायतका कार्यमा आर्थिक सहयोग उपलब्ध गराउने ।

(६) सहकारीको माध्यमबाट शित भण्डार निर्माण, सहकारी पसल सञ्चालन, उद्योग, वस्तु तथा सेवा ब्यवसाय लगायतका व्यवसायिक कार्यमा अभिप्रेरित गर्ने र आवश्यक परेमा गाउँपालिकासंग साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने ।

(७) सहकारी शिक्षाको माध्यमबाट स्थानीय नागरिकको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नयनमा टेवा पुऱ्याउने ।

(८) सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सहयोग पुऱ्याउने ।

**४.सहकारी विकास समितीको कार्यक्षेत्रः** विकास समितीको कार्य क्षेत्र गाउँपालिकाका वडाहरु भित्र रहने छ ।

**५. कार्यालय ब्यवस्थापन :**

विकास समितीको आफ्नो कार्य सञ्चालनको लागि एक कार्यालय रहनेछ। पत्राचार, ठेगाना, सम्पर्क नम्बर, विकास समितीले तोके बमोजिम हुनेछ। यसको जानकारी सम्बन्धित निकायहरुमा समेत गराइनेछ ।

## परिच्छेद-२

## विकास समिती, सल्लाहकार समिति र सहजिकरण समितिको गठन तथा काम, कर्तब्य र अधिकार :

**६.विकास समितीको गठन :**

(१) गाउँपालिका भित्र कार्यक्षेत्र रहेका र क्रियाशील विषयगत तथा बहुउद्देश्यीय सहकारी संस्थाबाट प्रतिनिधित्व हुने गरी १० सदस्यीय महाङ्काल गाउँपालिका स्तरीय सहकारी विकास समिती गठन देहाय बमोजिम गर्न सकिनेछः

(क) सहकारी हेर्ने विषयगत समितिको संयोजक -१

(ख) सह-संयोजक- १

(ग) सदस्यहरु - ६

(घ) सचिव (गाउंपालिकाको सहकारी शाखा हेर्ने कर्मचारी) - १

(२) विकास समितीका पदाधिकारीहरु गाउँपालिकाका सबै क्रियाशिल सहकारी संस्थाका सञ्चालक समितिका अध्यक्ष/पदाधिकारी मध्येबाट प्रत्येक वडावाट १ जनाको दरले निर्वाचित हुनेछन् ।

(३) विकास समितीका पदाधिकारीहरुको पदावधि २ वर्ष हुनेछ ।

(४) विकास समितीमा संभव भएसम्म कम्तिमा तेत्तीस प्रतिशत महिला निर्वाचित गरिनेछ ।

(५) अध्यक्ष विकास समितीको संरक्षक हुनेछ ।

(६) गाउँपालिकाका सबै क्रियाशील सहकारी संस्थाले उपदफा (१) बमोजिमको विकास समिती गठनको लागि प्रतिनिधि तोकी पठाउनु पर्नेछ। ती प्रतिनिधिहरुको एक निर्वाचन मण्डलबाट संजालका पदाधिकारीहरु निर्वाचित हुनेछन् ।

(७) सहकारी शाखा प्रमुखले विकास समितीको सचिवको काम गर्नेछ ।

**७. सल्लाहकार समिति :**

(१) दफा ६ बमोजिम गठन भएको विकास समितीलाई आवश्यक सर-सल्लाह र निर्देशन गर्न तपशिल बमोजिमको सल्लाहकार समिति रहनेछः

(क) उपाध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत

(ग) आर्थिक विकास समिती सदस्य १ जना

(घ) जिल्ला सहकारी संघको प्रतिनिधि १ जना

(ङ) संरक्षकले तोकेको सहकारी विज्ञ १ जना

(२) समितिले आवश्यकतानुसार सहकारी विज्ञलाई पनि बैठकमा आमन्त्रण गर्नेछ ।

(३) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बैठक बोलाउने र बैठक सम्वन्धी आवश्यक ब्यवस्थापन गर्नेछ ।

(४) समितिको राय, सल्लाह र सुझाव गाउँपालिकाका, सहकारी संस्था साथै सदस्यको आर्थिक उन्नतिमा केन्द्रित रहनेछ ।

(५) उपदफा (४) वमोजिम सल्लाहकार समितिको सुझाव दफा ६ बमोजिम गठित सहकारी विकास समितीको लागि मार्गदर्शन हुनेछ ।

**८. विकास समितीको बैठक सम्बन्धी व्यवस्था :**

(१) संयोजकले तोकेको मिति, समय र स्थानमा सचिवले समितिको बैठक बोलाउनेछ ।

(२) संयोजकको निर्देशनमा सचिवले बैठक बस्नु भन्दा कम्तिमा १ (एक) दिन अघि बैठकका विषयको जानकारी सबै सदस्यहरुलाई गराउनु पर्नेछ ।

(३) विकास समितीमा बहुमत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । मत बराबर भएमा संयोजकले निर्णयक मत दिनेछ ।

(४) विकास समितीको बैठकका विषय र निर्णय सहकारीको मूल्य, मान्यता, सिद्धान्त र प्रचलित सहकारी कानून बमोजिम सहकारी संस्थाको प्रवद्धन, विकास र सदस्यको आर्थिक उन्नतिमा केन्द्रित रहनेछन् ।

(५) विकास समितीको बैठकको निर्णयपुस्तिका संयोजकले प्रमाणित गर्नेछ ।

(६) विकास समितीको दुई बैठक बीचको अन्तर तीन महिना भन्दा बढी हुने छैन ।

**९. विकास समितीको काम, कर्तब्य र अधिकार:**

(१) दफा ३ बमोजिमको उद्देश्य प्रासिका लागि गाउँपालिकासंग प्रत्यक्ष रुपमा सहकार्य गरी गाउँपालिकास्तरीय सहकारीको विकासमा प्रभावकारी भूमिका निर्वाह गर्ने ।

(२) प्रत्येक वर्ष प्रथम चौमासिक अविधि भित्र कम्तिमा एकपटक गाउँपालिकास्तरीय सहकारी संस्थाहरुको भेला गर्ने ।

(३) गाउँपालिकाभित्र कार्यक्षेत्र रहेका सहकारी संस्थाहरुको लागि आवश्यक सहकारी सम्बन्धी तालिम तथा कार्यक्रम सञ्चालन गर्न गाउँपालिका र स्थानीय गैर सरकारी संघ संस्था तथा गैर नाफामूलक संघ संस्थासंग समन्वय र सहकार्य गर्ने ।

(४) उपदफा (३) बमोजिमका तालिम तथा कार्यक्रम तयार गरी दफा ८ बमोजिम गठित कार्यक्रम सञ्चालन तथा सहजीकरण समिति मार्फत दफा ७ बमोजिम गठित सल्लाहकार समितिलाई जानकारी गराउने ।

(५) सल्लाहकार समितिको निर्देशनानुसार तालिम तथा कार्यक्रम सञ्चालन गर्ने ।

(६) गाउँपालिकाभित्र कार्यक्षेत्र रहका विषयगत र बहुउद्देश्यीय सहकारी संस्थाहरुको विस्तृत विवरण समावेश गरी प्रत्येक वर्ष साउन मसान्तभित्र तथ्याङ्क सार्वजनिक गर्ने ।

(७) उपदफा (६) बमोजिम तथ्याङ्क, संकलन गर्दा विकास समितीले आवश्यक नमूना फारामहरु तयार गर्न सक्नेछ ।

(८) गाउँपालिकास्तरीय सहकारीको समग्र विकासको लागि गाउँपालिकालाई आवश्यक राय,सुझाव र पृष्ठपोषण गर्ने ।

**१०. सेवा सुविधा सम्बन्धी व्यवस्था :**

दफा ६ र ७ बमोजिम गठित सहकारी विकास समिती र सल्लाहकार समितिका बैठक तथा बैठकमा सहभागी पदाधिकारी साथै आमन्त्रित ब्यक्तिहरुको सेवा सुविधा गाउँपालिकाले बैठक सम्बन्धि तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३
## विविध

**११. सहकारी कोषको व्यवस्था :**

(१) गाउँपालिका कार्यक्षेत्र रहेका सहकारीको समग्र विकासको लागि सहकारी कोषको व्यवस्था गरिनेछ ।

(२) गाँउपालिका, प्रदेश, संघीय सरकार, गैरसरकारी तथा गैर नाफामूलक संघ संस्थाबाट कोषको लागि प्राप्त रकम यसै कोषमा जम्मा हुनेछ ।

(३) कोषको सञ्चालन विकास समितीको संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) उपदफा (२) बमोजिमको कोषको रकम दफा ७ बमोजिम गठित सल्लाहकार समितिको निर्देशनानुसार बैंकमा जम्मा गरिनेछ ।

(५) कोषको रकमको कारोवारको लेखा दोहोरो लेखा प्रणाली अनुसार राख्नु पर्नेछ ।

(६) उपदफा (५) वमोजिमको लेखाको लेखापरीक्षण प्रत्येक वर्ष गराउनु पर्नेछ ।

(७) विकास समितीले लेखापरीक्षण प्रतिवेदन उपदफा (२) वमोजिमको कोषमा रकम जम्मा गर्ने निकायहरुमा पनि पठाउनु पर्नेछ ।

**१२. सामाजिक परीक्षण गराउन सक्ने :**

(१) विकास समितीले कार्यविधिमा उल्लिखित उद्देश्य अनुसार विकास समितीबाट भए गरेका निर्णय र कार्यक्रम तथा तालिम, सहकारीले प्राप्त गरेका सेवा र सुविधा, सदस्यको सन्तुष्टीका स्तर, आर्थिक कारोवार लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी गाउँकार्यपालिकाले आवश्यकता अनुसार विकास समितीलाई निर्देशन दिन सक्नेछ ।

**१३. खारेजी र बचाउः**

(१) विकास समितीद्वारा संचालित कार्यक्रम, तालिम तथा आर्थिक कारोबार गाँउपालिका र सहकारी सम्बन्धी प्रचलित कानून वमोजिम व्यवस्थित हुनेछन् ।

(२) उपदफा (१) वमोजिमका कार्यक्रम, तालिम तथा आर्थिक कारोबार गाँउपालिका र सहकारीका प्रचलित कानूनसंग बाझिएमा स्वतः खारेज हुनेछन् ।

(३) यो कार्यविधि स्विकृत भएको मितिबाट पहिले गठन भएका पालिका स्तरिय समिती खारेज हुनेछ ।